# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
२०७३

गण्डकी प्रदेश, नेपाल


प.सं.: २०७९/०८०

च.नं. ११५४

मिति : २०७९/१०/१८

विषय : राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९मा सहभागिता सम्वन्धमा ।

श्री कुश्मा नगरपालिका स्थित सामुदायिक एवं संस्थागत सबै माध्यमिक विद्यालयहरु

प्रस्तुत विषयमा मिति २०७९ फाल्गुण ७ देखी ऐ ९ गतेसम्म वडागाउँको खेलमैदान र शशस्त्र प्रहरी बल चण्डिका गणको खेल मैदानमा नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९ सञ्चालन सम्वन्धी विस्तृत कार्यक्रम निम्न अनुसार तय गरिएको हुदाँ सहभागिताका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

१. खेलाडी नाम दर्ता: फाल्गुण ५ गते ११ वजे भित्र नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा आइपुग्ने गरि edu.kushma@gmail.com वा हार्डकपी पठाउनु पर्नेछ।

२. चालु शैक्षिक सत्रमा माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययन गरिरहेका १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र खेलकुद प्रतियोगितामा सहभागी हुन सक्नेछ ।

३. प्रतियोगितामा सहभागी खेलाडी एथलेटिक्स तर्फ छात्र / छात्रा दुवै इभेन्टमा एक जना खेलाडीले एक ट्र्याक दुई फिल्ड तथा एक फिल्ड दुई ट्र्याक इभेन्ट मात्र खेल्न पाउनेछ । रिलेमा मान्य हुने छैन ।

४. सहभागी खेलाडी विद्यार्थीको उमेरको विषयमा कुनै विवाद भएमा निजको कक्षा ८ को लब्धाङ्क पत्रमा उल्लेखित जन्ममितिलाई आधार मानिनेछ ।

५. स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने भएकोले प्रत्येक विद्यालयवाट प्रिन्सिपल खेलशिक्षक तथा सहभागी खेलाडी कम्तिमा १० जनाले विद्यालयको झण्डा र विद्यालयको पोशाकमा अनिवार्य रुपमा मार्चपास भाग लिनु पर्नेछ।

६. विद्यालय स्वंयले खेलाडी विद्यार्थीहरुका लागि पोशाक र खाना खाजाको व्यवस्था गर्नुपर्ने छ ।

७. खेल भावना विपरित अवान्छित गतिविधि गरेको पाइएमा खेलाडी र विद्यालयलाई आयोजक समितिलाई उचित लागेमा अनुशासनको कारवाही गर्ने वा कारवाहीका लागि सम्वन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

८. मापदण्ड विपरितका खेलाडीको विविध पक्षको वैधता माथि उजुरी गर्नु परेमा सम्वन्धित खेलमा भाग लिएर पदक प्राप्त गरेको समय समेत उल्लेख गरी ३० मिनेट भित्रमा नगद रु ३०००।– सहित आयोजक समक्ष प्रोटेष्ट गर्न सक्नेछ । आयोजकको छानविन बाट दोषि ठहरिएमा उक्त खेलाडिको पदक खोसिने र निकट्तम् प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड वाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै


फोन नं-०६७-४२०१४१/०६७-४२०४८४/०६७-४२०१८६ फ्याक्स नं. ०६७-४२१२७०

वेबसाइट: www.kushmamun.gov.np इमेल: info@kushmamun.gov.np, kushmamun@gmail.com


विष्णु प्रसाद तिवारी
उपसचिव

Scanned with CamScanner

# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल


प.सं.: २०७९/०८०
च.नं. १९५४

इभेन्टमा सहभागी गराईने छैन ।टिम गेमको हकमा पनि सोही नियम लागू हुनेछ ।तर प्रोटेष्ट पुष्टी हुन नसकेमा धरौटी रकम जफत हुनेछ ।

९. रनिङ्ग शिल्ड विजेतालाई पुरस्कार राशी रु ५१,१११ साथमा रनिङ्ग शिल्ड, द्वितीय स्थानलाई पुरस्कार राशी रु३१,१११ तृतिय स्थानलाई पुरस्कार राशी रु २१,१११ र सान्तवनालाई पुरस्कार राशी रु ११,१११ प्रमाणपत्र र हरेक इभेन्ट्मा स्वर्ण पदक, कास्य पदक र रजत पदकको व्यवस्था गरिएको छ। लगातार तीन बर्ष रनिङ्ग शिल्ड विजेतालाई पुरस्कार राशी रु ५,००,००० अक्षरुपी रु पाँच लाखको व्यवस्था गरिएको छ।

१०. प्रतियोगितामा आयोजना हुने इभेन्टहरु :

१.भलिबल :-छात्र/छात्रा दुवै ९/९ जना मात्र छात्र ६५ के. जी मुनी समुह

२. कबड्डी :- छात्र/ छात्रा दुवै ७/७ जना मात्र र छात्रा ६० के.जी मुनी समुह

३.तेक्वान्दो:

छात्र :- ४५ के. जी. मुनी ४८ के. जी. मुनी ५१ के. जी. मुनी

छात्रा :- ४२ के. जी. मुनी ४४ के. जी. मुनी ५६ के. जी. मुनी

४.कराते

छात्र :- ४५ के. जी. मुनी ४८ के. जी. मुनी ५१ के. जी. मुनी

छात्रा :- ४२ के. जी. मुनी ४४ के. जी. मुनी ५६ के. जी. मुनी

५.दौड(ट्रयाक) १०० मि दौड, २०० मि दौड, ३०० मि दौड, ४०० मि दौड, ८०० मि दौड, १५०० मि दौड, ३ कि मि दौड ४×१०० मी रिले दौड, ४×४०० मी रिले दौड

६. उफ्रने र फ्याँक्ने(फिल्ड) तर्फ :

छात्रा : हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, सटपुट थ्रो र ज्याभ्लिन थ्रो

छात्र: हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, सटपुट थ्रो र ज्याभ्लिन थ्रो ८००

पुनश्च : प्रतियोगिता सम्वन्धी थप जानकारीको लागि www.moys.gov.np मा लगइन गरि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० ( चौथो संशोधन मिति २०७९/०३/०५ हेर्न सकिने छ। थप जनकारीको लागि शिक्षा शाखा प्रमुख विष्णु प्रसाद तिवारी सम्पर्क नं ९८४५६२०८२४ , शिक्षा अधिकृत दिपक सुवेदी ९८४७७५७६२९ र शिक्षा अधिकृत अर्जुन पौडेल ९८५१०७८६२४

२०७९।१०।१९
विष्णु प्रसाद तिवारी
उपसचिव

बोधार्थ :
जिल्ला खेलकुद विकास समिति पर्वत


फोन नं-०६७-४२०१४१/०६७-४२०४८४/०६७-४२०१८६ फ्याक्स नं. ०६७-४२१२७०
वेबसाइट: www.kushmamun.gov.np इमेल: info@kushmamun.gov.np, kushmamun@gmail.com


Scanned with CamScanner